# जापान को अस्पतालको बारेमा

गर्भ बसेको थाहा भएपछि, बच्चा कहाँ जन्माउने हो , निश्चीत गरौं।



## जापानमा बच्चा जन्माउने ठाँउहरू

### प्रसूति विभाग भएको जनरल ( सामान्य ) अस्पताल



डाक्टर

ठूलो अस्पतालहरू हुन्।

बच्चा जन्माउने 「प्रसुति विभाग 」
बाहेक पनि धेरै 「〇〇विभागहरू」 छन्।

### प्रसुति अस्पताल



डाक्टर

बच्चा जन्माउने 「प्रसूति विभाग」
विशिष्टता ( स्पेशलिटी ) अस्पताल हो।
बेड 20 वटा भन्दा बढि भएको ठूलो अस्पताल हो।

### प्रसूति क्लिनिक, अस्पताल




डाक्टर

「प्रसूति विभाग 」 विशिष्टता ( स्पेशलिटी ) भएको सानो अस्पताल हो।

★ गर्भावस्थाको बेलामा मात्र जाँच गरी, बच्चा जन्माउने बेलामा ठूलो अस्पताल मा पठाउने किसिमको क्लिनिक वा अस्पताल पनि छ।

### मिडवाइफरी क्लिनिक




ज्योसानसी ( मिडवाइफ)

डाक्टर छैन।

「मिडवाइफ」 ले गर्भावस्थाको जाँच, बच्चा जन्मने बेलाको मद्दत तथा जन्मिए पछिको जाँच गर्दछ।

आमा र बच्चा को स्वास्थ्यमा समस्या भएको गर्भवती ले अस्पताल मा बच्चा जन्माउछ।

★आफ्नै घरमा बच्चा जन्माउन सहायता गर्ने मिडवाइफ क्लिनिक पनि छन्।

**तोशिमा वार्डको अस्पतालमा बच्चा जन्माउने बेलाको आधारभूत प्रक्रियाको बारेमा कृपया अर्को पेज हेर्नुहोस्।**

बच्चा कहाँ जन्माउने भनेर निर्णय गर्न नसकेको बेलामा 「होकेनसी सान ( पब्लिक हेल्थ सेविका )」「ज्योसानसी सान ( मिडवाइफ)」 सँग सल्लाह गर्नुहोस्।



थाहा नभएको कुरा भएमा 「सहायता समूह」 मा पनि सल्लाह गर्नुहोस्।



सहायता समूह खोजेर हेरौं !

★सर-सल्लाह गर्न मिल्ने 「सहायता समूह ・ भोलीएन्टर समूह」 हरू छन्।

**सर्च गरेर हेर्ने शब्दहरू**

えぬぴーおー　ざいにち がいこくじん　さんぜん さんご

NPO　在日外国人　産前産後

# जापान को अस्पतालको बारेमा

## तोशिमा वार्डको अस्पतालमा बच्चा जन्माउने बेलाको आधारभूत प्रक्रियाहरु

**गर्भावस्थाको बेलामा केवल चेक-जाँच मात्र गर्ने साना प्रसूति अस्पताल तथा प्रसूति क्लिनिक**






आमा र बच्चा मा समस्या नभएको गर्भवती को जाँच गर्दछौं।

सम्पर्क गरिरहेको छ।

प्रसव ( डेलिभरी ) को लागी ठूलो अस्पताल मा जान्छ।

**चेक-जाँच देखि बच्चा जन्माउने सबै कुराको हेरचाह गर्ने अस्पताल**






बच्चा जन्माउने बेलामा ठूलो अस्पताल को डाक्टर ले प्रसव( डेलिभरी) हेर्नेछ।

थाहा नभएको बेलामा 「होकेनसी सान」 तथा 「सहायता समूह」 सँग सल्लाह गर्नुहोस् !



सहायता समूह खोजेर हेरौं !

★सर-सल्लाह गर्न मिल्ने 「सहायता समूह ・ भोलीएन्टर समूह」 हरु छन्।

**सर्च गरेर हेर्ने शब्दहरु**

えぬぴーおー　ざいにち がいこくじん　さんぜん さんご

NPO　在日外国人　産前産後